नेपाली महावाणिज्यदूतावास
कोलकाता
CONSULATE GENERAL OF NEPAL
KOLKATA

## सूचना!

वैदेशिक रोजगारीमा संलग्न नेपाली नागरिक तथा गैर-आवासीय नेपालीहरुबाट बचतपत्र खरिदको लागि आवेदन आव्हान गर्दै नेपाल सरकार, अर्थ मन्त्रालय अन्तर्गत सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट मिति २०८२/०७/२५ मा प्रकाशित वैदेशिक रोजगार बचत पत्र– २०८७ (NPFB05002087) निकासन सम्बन्धमा जारी गरिएको सूचना सम्बन्धित सबैको जानकारीको लागि नियोगको सूचनापाटी तथा वेभसाइटमा प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

मिति २०८२/०८/०१

1, National Library Avenue, Alipore, Kolkata-700 027, W.B., INDIA, • Tel : 033-2456-1154 / 1224 / 1103
E-mail ID : cgnkolkata@mofa.gov.np, nepalconsulate@gmail.com • Website : ccu.nepalconsulate.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
सार्वजनिक ऋण व्यवस्थापन कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौ

# वैदेशिक रोजगार बचतपत्र – २०८७ (NPFB05002087) निष्काशन सम्बन्धी सूचना

प्रकाशित मितिः २०८२/०७/२५

यस कार्यालयबाट देहायबमोजिमका विशेषता रहेको वैदेशिक रोजगार बचतपत्र – २०८७ (NPFB05002087) निष्काशन गरिने भएकोले वैदेशिक रोजगारीमा संलग्न नेपाली नागरिक तथा गैर-आवासीय नेपाली बाट बचतपत्र खरिदको लागि आवेदन आव्हान गरिएको छ।

## १. विशेषताहरू

| | | |
|---|---|---|
| क) बचतपत्रको नाम | : | वैदेशिक रोजगार बचतपत्र-२०८७ (NPFB05002087) (५ वर्षे) |
| ख) निष्कासन हुने रकम | : | रु. ५०,००,००,०००।० (अक्षरेपी पचास करोड मात्र) |
| ग) वार्षिक ब्याजदर | : | ७.५ प्रतिशत |
| घ) ब्याज भुक्तानी | : | ६/६ महिनामा सम्बन्धित खरिदकर्ताको बैंक खातामा भुक्तानी हुने। (आयकर लाग्ने) |
| ङ) खरिद गर्न पाउने सीमा | : | घटीमा रू. दश हजार र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाई रु. दश हजारले भाग गर्दा निःशेष भाग जाने अंकमा। |
| च) लगानी (खरिद) कर्ता | : | यो बचतपत्र मुलुक बाहिर रोजगारीमा संलग्न वा मुलुक बाहिरको रोजगारीबाट फर्केको ६ महिना नपुगेका नेपाली नागरिक वा गैर-आवासीय नेपालीले आफु वा आफ्नो परिवारको सदस्य (बुवा, आमा, श्रीमान्, श्रीमती, छोरा, छोरी मात्र) को नाममा खरिद गर्न सक्ने। |
| छ) दोस्रो बजार तथा धितो सम्बन्धी सुविधा | : | यो बचतपत्र धितो राखी बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन/दिन सकिने र कार्यालयले प्रयोगमा ल्याएको **DOMS** र **Investor Portal** बाट दोस्रो बजार कारोबार गर्न सकिने। |

## २. बिक्री, निष्कासन र साँवा भुक्तानी

| | | |
|---|---|---|
| क) बिक्री खुला हुने अवधि | : | २०८२ कार्तिक २५ गते बिहान १० देखि २०८२ मंसीर २५ गते अपरान्ह ४ बजेसम्म *(कुल निष्कासित रकम बराबर आवेदन प्राप्त भएपछि अन्तिम मिति अगावै बचतपत्रको बिक्री बन्द हुनेछ।)* |
| ख) निष्काशन मिति | : | २०८२ मंसीर २८ गते (ढिलोमा) |
| ग) साँवा भुक्तानी मिति | : | २०८७ मंसीर २८ गते |

## ३. अन्य व्यवस्था

क) आवेदन फारम भर्ने तथा बुझाउने प्रक्रियाः मिति २०८२ कार्तिक २५ गतेदेखि इच्छुक खरिदकर्ताले यो बचतपत्र खरिद गर्नको लागि यस कार्यालयको वेबसाइट www.pdmo.gov.np अन्तर्गत रहेको Investor Portal वा https://investor.doms.gov.np बाट अनलाइन आवेदन प्रक्रिया अनुसार बचतपत्रको आवेदन पेश गर्न सक्ने र पेश गरेको

नेपाली महावाणिज्यदूतावास कोलकाता

आवेदन खरिदकर्ताको बजार निर्माताले रुजु गरी स्वीकृत गर्ने व्यवस्था गरिएको।

**ख) खण्डित अवधिको ब्याजः** बजार निर्माताले आवेदकको खाता रूजु गरी आवेदन गरिएको रकम निष्कासन मितिसम्म रोक्का राख्नु पर्नेछ र निष्कासन मितिमा मात्र सम्बन्धित आवेदकको खाताबाट रकम खर्च गरिने भएकोले खण्डित अवधिको ब्याज रकम भुक्तानी दिइने छैन।

**ग) बचतपत्रको किसिमः** स्टकको रुपमा जारी हुने।

**घ) आवेदन रकम भुक्तानी विधिः** यो बचतपत्र निष्कासन हुने मितिमा बजार निर्माताबाट आवेदकको खातामा रोक्का रहेको रकम एकमुष्ठ नेपाल सरकारको वित्तीय आम्दानी खातामा जम्मा गरिने।

**ङ) आवेदन साथ पेश गर्नुपर्ने कागजातः**

१. कार्यरत मुलुकको प्रवेशाज्ञा (प्रवेशाज्ञा आवश्यक पर्ने मुलुकको लागि),
२. खरिद गर्न चाहेको रकम बराबरको विदेशी मुद्रा नेपालमा भित्रिएको प्रमाण र
३. आवेदन बराबरको रकम आफ्नो बैंक खाताबाट खर्च गर्न स्वीकृति दिएको अनुसूची-३ (कार्यालयको Website मा रहेको) बमोजिमको ढाँचामा अख्तियारी पत्र *https://investor.doms.gov.np* मा अनिवार्य रुपमा **Upload** गर्नुपर्ने,
४. परिवारको नाममा खरिद गर्न चाहेमा नाता खुल्ने कागजात।

(**Upload** गर्ने कागजात ***PDF,JPG वा JPEG*** को **Format** मा हुनुपर्ने र प्रत्येक कागजात **५ MB** भन्दा कम हुनुपर्ने ।)

**च) आवेदन अस्वीकृत हुन सक्नेः** रीतपूर्वक पेश नभएका वा आवश्यक कागजात पेस नगरेका आवेदनकर्ताको आवेदन अस्वीकृत हुन सक्ने।

**छ) बाँडफाँट सम्बन्धी व्यवस्थाः**

१. सूचनामा तोकिएको अवधिभित्र पहिलो निवेदकले पहिलो पाउने प्रक्रियाबाट बाँडफाँट गरिने।
२. ऋणपत्र निष्कासन तथा सञ्चालन समितिको निर्णय बमोजिम बाँडफाँट तथा निष्कासन गरिने।

**ज) प्रमाणपत्र सम्बन्धी व्यवस्थाः** खरिदकर्ताको Investor Portal मा रहेको Dashboard मा Digital रूपमा उपलब्ध हुने।

**झ) अन्य व्यवस्थाः** यो बचतपत्र खरिद/बिक्री सम्बन्धी अन्य व्यवस्था सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९, सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० र ऋणपत्र निष्कासन तथा सञ्चालन समितिको निर्णय बमोजिम हुने।

**ञ) थप जानकारीः** थप जानकारीका लागि यस कार्यालयको फोन नं. ०१-४५३८३५९ वा यस कार्यालयको इमेल ठेगाना investorsupport@pdmo.gov.np मा सम्पर्क गर्न सकिने।

नेपाल सरकार अर्थ मन्त्रालय सार्वजनिक ऋण व्यवस्थापन कार्यालय त्रिपुरेश्वर, काठमाडौं

नेपाली महावाणिज्यदूतावास कोलकाता